निर्णय प्रकाशित।
२०७५।४।१८

# धरान उपमहानगरपालिका, नगर पालिकाको कार्यालय

## प्रदेश-१ धरान, सुनसरी

उन्नाईसौं नगर कार्यपालिका बैठक

आज मिति २०७५ श्रावण १८ गते दिउशो १ बजे धरान उपमहानगरपालिकाको उन्नाईसौं नगर कार्यपालिका बैठक कार्यवाहक नगर प्रमुख श्री मन्जु भण्डारी (सुवेदी) को अध्यक्षतामा बसि देहाय बमोजिमको निर्णय गरियो।

**सहभागिता:**

| क्र.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मन्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री विनोद मानन्धर | का.वा. वडा अध्यक्ष | धरान-१ | उपस्थित |
| ३ | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | उपस्थित |
| ४ | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | उपस्थित |
| ५ | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | उपस्थित |
| ६ | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | उपस्थित |
| ७ | श्री हरी बहादुर राई | का.वा. वडा अध्यक्ष | धरान-६ | उपस्थित |
| ८ | श्री जिवनराज सुवेदी | का.वा. वडा अध्यक्ष | धरान-७ | उपस्थित |
| ९ | श्री रुद्रबहादुर लिम्बु | वडा अध्यक्ष | धरान-८ | उपस्थित |
| १० | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | उपस्थित |
| ११ | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | उपस्थित |
| १२ | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | उपस्थित |
| १३ | श्री ब्रमज्ञ भट्टराई | का.वा. वडा अध्यक्ष | धरान-१२ | उपस्थित |
| १४ | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | उपस्थित |
| १५ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | उपस्थित |
| १६ | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | उपस्थित |
| १७ | श्री दिल कुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | उपस्थित |
| १८ | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | उपस्थित |
| १९ | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | उपस्थित |
| २० | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | उपस्थित |
| २१ | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | उपस्थित |
| २२ | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | उपस्थित |
| २३ | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | उपस्थित |
| २४ | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २५ | श्री गिता पाख्रिन | नगर कार्यपालिका सदस्य | धरान-७ | उपस्थित |
| २६ | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | उपस्थित |
| २७ | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | उपस्थित |
| २८ | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | उपस्थित |
| ३० | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | उपस्थित |

**अन्य सहभागिता :**

| | | | | |
|---|---|---|---|---|
| १ | श्री सुमन घिमिरे | प्रमुख प्रशासकिय अधिकृत | ध.उ.म.न.पा. | उपस्थित |
| २ | श्री खगेन्द्र प्रसाद खतिवडा | व.प्र.अ. | ध.उ.म.न.पा. | उपस्थित |

धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धरान-१२, सुनसरी

सुमन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## २०७५ श्रावण १८ मा बसेको कार्यपालिकाको १९ औं वैठकका कार्यसूची र निर्णयहरु

**१. कार्यसूची : धरान उपमहानगरपालिकाको आर्थिक तथा खरिद नियमावली स्वीकृति सम्बन्धमा :**

धरान उपमहानगरपालिकाले खरिद तथा अन्य आर्थिक कृयाकलापलाई सरल, सहज र पारदर्शी बनाउन तथा नेपाल सरकारको आर्थिक तथा सार्वजनिक खरिद सम्बन्धी कानूनमा आधारीत भई विज्ञको सहयोगमा तयार पारिएको *धरान उपमहानगरपालिकाको आर्थिक तथा खरिद नियमावली, २०७५* को मुख्य विशेषता बैठकमा प्रस्तुत भई छलफल गरियो र यस नियमावलीमा रहेका प्रावधानहरु वडाबाट समेत थप अध्ययन गरी आगामी कार्यपालिका बैठकमा स्वीकृतार्थ पेश गर्ने।

**२. कार्यसूची : वी. पी. सुन्दर बजार सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाले रेखदेख र सञ्चालन गर्दै आएको वडा नं. १८ स्थीत वी. पी. सुन्दर बजारमा रहेका सटर तथा स्टललाई भाडामा दिन बोलपत्र आह्वान गरिएकोमा उक्त बजारमा हाल भाडामा बसी रहेका भाडावालहरुले संयुक्त रुपमा ज्ञापन पत्र पेश गरेको हुँदा उक्त स्थानमा रहेका ३ वटा ब्लकहरु पूर्व खण्ड 'क', मध्य भागमा रहेको 'ख' र पश्चिम तर्फ रहको 'ग' लाई क्रमश: अधिकतम् प्रति सटर मासिक भाडा दर रु.२५०००/-, रु. १५०००/- र रु. १२०००/- मा वृद्धि नहुने गरी, हाल कोठा तथा स्टल प्रयोग गर्ने व्यक्तिहरुलाई प्राथमिकता दिने गरी सम्झौता गर्ने ।

**३. कार्यसूची : सहकारी विकास समिति गठन सम्बन्धमा ।**

धरान उपमहानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा १०४ बमोजिम गठन हुने सहकारी विकास समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

**तपिसल**

१. नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति अध्यक्ष - श्री नरेश कुमार इवारम, वडा अध्यक्ष, वडा नं. १५
२. उपमहानगरपालिकाले नियुक्त गरेको १ जना सदस्य - श्री चन्द्र सुवेदी, धरान ६
३. उपमहानगरपालिकाका वडा अध्यक्ष मध्येको सदस्य - श्री मणिराम राई,वडा अध्यक्ष, वडा नं. २०
४. उपमहानगरपालिकाका वडा अध्यक्ष मध्येको सदस्य - श्री सूर्यबहादुर भट्टराई ,वडा अध्यक्ष, वडा नं.१७
५. सहकारी समन्वय समितिको प्रतिनिधि १ जना सदस्य - श्री मिसन लामा, धरान १५
६. सहकारी विज्ञ सदस्य - श्री दिनेश श्रेष्ठ, धरान १५
७. सहकारी विज्ञ सदस्य - श्री काजी गिरी, धरान ७
८. महिला सहकारीकर्मीहरुबाट सदस्य - श्री शारदा थापा मगर, धरान १
९. सदस्य सचिव - सम्बन्धित शाखा प्रमुख

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान-१८, सुनसरी
१ नं. प्रदेश, नेपाल

सुजन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## ४. कार्यसूची : प्रमुख स्व. तारा सुव्वाको स्मृती योजना सम्बन्धमा ।

धरान उपमहानगरपालिकाका नगर प्रमुख स्वर्गीय तारा सुब्वाको स्मृतीलाई दिर्घकालसम्म चीरस्थायी बनाउन उहाँको विशेष पहलमा शुरुवात र शिलान्यास गरिएको भुमी पार्कलाई स्वर्गीय श्री तारा सुव्वा स्मृती पार्क नामाकरण गर्ने र उक्त पार्कको निर्माण गर्दा उहाँको परिवारसंगसमेत समन्वय गर्ने ।

## ५. कार्यसूची : विद्यालयमा ११, १२ कक्षा थप र विषय अनुमती सम्बन्धमा ।

कक्षा थप र विषय समावेशको लागि स्वीकृतीको माग गरिएको सम्बन्धमा शिक्षा शाखाबाट प्राप्त भएको अनुगमन प्रतिवेदन समेतका आधारमा तपसिल बमोजिमका विद्यालयहरुको कक्षा थप तथा विषय स्वीकृती दिने ।

<u>तपिसल</u>

१. के. के. ईन्टरनेश्नश स्कुल, धरान १५ – कक्षा ११ थप र बिज्ञान विषय अनुमती ।
२. नवोदय विद्यालय मन्दिर, धरान १६ - विज्ञान विषय थप अनुमती ।
३. चन्द्र संस्कृत माध्यामिक विद्यालय, धरान १६ – शिक्षा शास्त्र संकायमा जनसंख्या विषय अनुमती ।
४. शिक्षा सदन माध्यामिक विद्यालय, धरान १५- विषय थप अनुमती ।
५. पब्लिक हाइ स्कुल धरान १२, - प्राविधिक धार इलेक्ट्रकल विज्ञान विषय थप अनुमती ।
६. सियोन स्कुल, धरान १६, व्यवस्थापन र विज्ञान विषय सहित कक्षा १२ थप अनुमती ।

## ६. कार्यसूची : संगठन तथा व्यवस्थापन अध्ययन भई रहेको जानकारी सम्बन्धमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १० मिति २०७५।४।०६ को पत्रानुसार *संघीय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति*को निर्णयानुसार धरान उपमहानगरपालिकाको कार्यक्षेत्र र आवश्यक्तानुरुप स्थायी संगठन संरचना र दरबन्दी निर्धारण गर्ने प्रयोजनका लागि कार्यालयबाट संगठन तथा व्यवस्थापन सम्बन्धी विश्लेषणात्मक अध्ययनको कार्य सरोकारवालाको सहभागितामा भई रहेको जानकारी भयो र कार्यपालिकाको सदस्यलाई संगठन संरचनाको प्रारम्भिक मस्यौदा समेत छलफलका लागि उपलब्ध गराईयो ।

## ७. कार्यसूची :- घर र बाटो सम्बन्धमा :

वडा नं. १३ स्थीत स्वस्तिका गौरा मार्ग बस्ने श्रीमति फुलमाया तामाङ्गले कि.नं. ८६८ ज.वि. ०-०-११ मा भवन निर्माणका लागि पेश गर्नु भएको भवन नक्साका वारे छलफल हुँदा हाल उपयोगमा रहेको सडक यथावत नै रहने र पछि खानेपानीको फिल्टर टयांङ्कको कुनै अन्यत्र व्यवस्था भएपछि सडक सिमानामा सार्ने गरी हाललाई खानेपानी टयांङ्कीतर्फ कम्पाउण्डवाल लगाउन पाउने गरी निज श्रीमति फुलमाया तामाङ्गलाई घरनक्सा निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

## ८. कार्यसूची :- वडा सञ्चालन कार्य विधि सम्बन्धमा ।

वडाको कार्यक्षेत्र र आवश्यकता अनुरुप क्रमश वडा कार्यालयलाई व्यवस्थित र प्रभावकारी बनाउँदै लैजान मस्यौदा गरिएको धरान उपमहानगरपालिकाको वडा संचालन कार्यविधि कार्यपालिकाका सदस्यलाई उपलब्ध गराइयो र अर्को वैठकमा स्वीकृतार्थ पेश गर्ने ।

## ९. कार्यसूची :- विविध :

### क. कार्यवाहकको लागि वैकल्पिक व्यवस्था सम्बन्धमा ।

कार्यवाहक प्रमुखले स्थानीय कानून अनुसार नगर प्रमुखले गर्ने कार्य गर्ने आवश्यक व्यवस्था गर्ने ।

### ख. सम्पत्ती विवरण दाखिला गर्ने वारे ।

राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त जानकारी पत्र समेतका आधारमा नगर सभाका सबै सदस्यले आर्थिक वर्ष शुरु भएको ६० दिनभित्र सम्पत्ति विवरण दाखिला गर्न आ-आफ्नो वडामा जानकारी गराउने।

## १०. कार्यसूची : अधिकार प्रत्यायोजन सम्बन्धमा ।

यस धरान उपमहानगरपालिका नगर कार्यापालिकाको कार्यालय उपर पर्ने मुद्दाको फिराद पत्र, प्रतिउत्तर, लिखित जवाफ, पुनरावेदन पत्र र मुद्दाको अन्तिम कार्वाही पूर्पक्ष गर्न यस कार्यालयका कार्यवाहक नगर प्रमुख श्री मंजु भण्डारी (सुवेदी)लाई अधिकार प्रत्यायोजन गर्ने ।

धरान उपमहानगरपालिका नगर कार्यापालिकाको कार्यालय धरान-१२, सुनसरी

सुमन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत